२०२१ क्याम्पस संस्कार विषयक सर्वेक्षण सम्बन्धित प्राय: सोधिने प्रश्नहरु

६.९.२०२१

विश्वविद्यालयले यो सर्वेक्षण किन गर्दैछ?

- सि.यू. बोल्डरका बिद्यार्थी, कर्मचारी तथा संकायहरुलाई विश्वविद्यालय तथा आ-आफ्ना विभागले सम्मान, समर्थन गर्ने गरेको र आफूलाई महत्त्व दिइएको महसुस गर्छन् कि गर्दैनन् भन्ने बारेमा क्याम्पसले जानकारी संकलन गर्नेछ।

- यो सर्वेक्षणबाट आउने नतिजाले सच्याउन आवश्यक रहेका समस्याहरुको पहिचान गरि सि.यू. लाई अझ न्यायसंगत, निष्पक्ष, विविधतापूर्ण, तथा सबैजनाको लागि समावेशी क्याम्पस बन्नको लागि सहयोग पुर्याउनेछ।

यो सर्वेक्षण कहिले गरिनेछ?

- यो वर्षको अक्टोबर महिनामा बिद्यार्थी, कर्मचारी, तथा संकायहरुलाई यो सर्वेक्षणमा सहभागि हुनका लागि आमन्त्रित गरिनेछ। शिक्षा तथा रोजागारीको लागि हामीले सि.यू. लाई निरन्तर रुपमा सुधार गर्दै लैजान सकेका छौं कि छैनौं भन्ने जाँचबुझ गर्न, भविश्यमा यो सर्वेक्षणलाई हरेक चार वर्षमा सञ्चालन गरिनेछ।

के यो बेनामी सर्वेक्षण हो? के मेरो जवाफहरु गोप्य रहन्छन् त?

- सर्वेक्षणमा दिनु भएका तपाईंका जवाफहरु बेनामी हुनेछन् र तपाईंको गोपनीयता हामी सुनिश्चित गर्दछौं। तपाईंले दिनुभएका जवाफहरुलाई कसैले पनि तपाईंको पहिचान सँग जोड्न नसकिने गरि सुरक्षा प्रविधि अपनाइएको हुनेछ।

- सर्वेक्षणमा भाग लिनको लागि सि.यू.को तपाईंको इमेलमा निमन्त्रणा पाउनु हुनेछ। सर्वेक्षणको सबै जवाफ दिनुभइसके पछि "सबमिट (SUBMIT)" लेखिएको बटन अथवा कोठामा थिच्नुहोला, जस पश्चात तपाईंको नाम, इमेल ठेगाना स्वत रुपमा मेटिनेछन्। **यो चरणमा तपाईंले सर्वेक्षणमा दिनुभएका जवाफहरु बेनामी हुन जाने र तपाईं सँग सो जवाफहरुलाई जोड्न सकिने छैन।**

- **सि.यू. बोल्डर स्थित** संस्थागत अनुसन्धान सर्वेक्षण कर्मचारी (ईन्सटिट्यूशनल रिसर्च सर्वे स्टाफ) **बाहेक सि.यू.का कुनै पनि सुरपभाइजर, प्रशासक वा कर्मचारीहरुको ति तथ्याङ्कमाथि पहुँच रहने छैन।**

- यसको अतिरिक्त, सङ्कलन गरिएका सम्पूर्ण बेनामी तथ्याङ्कहरुलाई विद्युतीय सुरक्षा प्रणालीद्वारा एनक्रिप्ट गरि सुरक्षित कम्प्यूटर सूचना भण्डार केन्द्रमा **संस्थागत अनुसन्धान सर्वेक्षण कर्मचारी (ईन्सटिट्यूशनल रिसर्च सर्वे स्टाफ)** हरुको मात्र पहुँच रहने गरि संग्रहित गरिनेछ।

- **तपाईंको गोपनियता हाम्रो शिर्ष दायित्त्व रहने र यो सर्वेक्षणको नतिजा स्वरुप प्रकाशित हुने कुनै पनि प्रतिवेदनमा तपाईंको व्यक्तिगत गोपनियतालाई सुरक्षित बनाइ राखिनेछ।** तपाईंको पहिचान शत्-प्रतिशत सुरक्षित रहन्छ भन्ने प्रतिक्रिया विश्वासका साथ दिनुहोस भन्ने हामी चाहन्छौं।

समय-समयमा विद्युतीय संयन्त्र भित्रका जानकारीहरु चोरी भएका खबरहरु सुन्नमा आउने गर्दछन्। मैले दिएका जवाफ/ प्रतिक्रियाहरु कत्तिको सुरक्षित रहनेछन्?

- सि.यू. बोल्डर स्थित तथ्याङ्क विश्लेषण कार्यालय (अफिस अफ् डेटा अनालेटिक्स् (ओ.डि.ए.)) ले हाल रोजगार तथा विद्यार्थी सम्बन्धित जानकारीहरुलाई सूचना प्रविधिको अत्याधुनिक तथा उच्च सुरक्षा प्रणाली अपनाई सुरक्षित बनाइ राखेछ। सर्वेक्षण प्रक्रियाको दौरानमा तपाईंका जानकारीहरु एनक्रिप्ट गरि सुरक्षित राखिएको हुनेछ। सर्वेक्षणको पुरा

गरि पेश (सबमिट्) गर्नु भइसके पछि तपाईंको जवाफहरु बेनामी जानकारीको रुपमा परिणत हुनेछ र अत्याधुनिक प्रविधि अनुरुप सुरक्षाको लागि एनक्रिप्ट गरि ओ.डि.ए. को अतिसुरक्षित सर्वरमा राखिनेछ।

यो सर्वेक्षणको सञ्चालन कस्ले गर्दैछ?

- संस्थागत अनुसन्धान सर्वेक्षण कर्मचारी (ईन्सटिट्यूशनल रिसर्च सर्वे स्टाफ) शाखाले यो सर्वेक्षणको व्यवस्थापन गर्नेछन्। यो टोलिले विभिन्न प्रकृतीका सर्वेक्षणहरु व्यवस्थापन तथा सञ्चालन गर्ने गर्दछन् तथा सो टोली सर्वक्षेण क्षेत्रको साथसाथै तथ्याङ्क सुरक्षा मापदण्डका विशेषज्ञहरु हुन्।

सर्वेक्षणको नतिजाहरुको उपयोग कसरी गरिनेछ?

- कार्यस्थल भित्र रहेका समस्याहरुको पहिचान गरि सुधार गर्न/ गराउनका लागि योजनाहरुको बिकास गर्न हामीले सर्वेक्षणको नतिजाहरुको उपयोग गर्नेछौं।

- शिक्षा तथा रोजगारीको लागि हामीले सि.यू. लाई निरन्तर रुपमा सुधार गर्दै लैजान सकेका छौं कि छैनौं भन्ने कुरा जाँचबुझ गर्नका लागि, भविश्यमा यो सर्वेक्षणलाई हरेक चार वर्षमा सञ्चालन गरिनेछ।

मैले यो सर्वेक्षणमा कसरी सहभागी हुने हो?

- तपाईंको आफ्नो सि.यू. बोल्डरको इमेलमा एउटा विशेष लिङ्क तपाईंलाई पठाइनेछ। सो लिङ्कले तपाईंलाई अनलाईन सर्वेक्षणमा लैजानेछ। तपाईंले सो सर्वेक्षण अङ्ग्रेजी, स्प्यानिश, नेपाली, चाइनिज, लेओशिएन, वा तिब्बती भाषामा भाग लिन सक्नु हुनेछ। यदि तपाईंले सो सर्वेक्षण कागज-कलमबाट दिन चाहनुहुन्छ भने हामी त्यस्को प्रबन्ध गर्नेछौं। त्यस्को लागी तपाईंको विभागले कागज-कलमबाट सर्वेक्षण पुरा गर्न समय मिलाउनुको साथै तपाईंलाई प्रश्नहरु सोध्नु परेको खण्डमा तपाईंलाई सहयोग गर्न/ गराउनको लागी दोभाषेहरु पनि उपस्थित गरि प्रबन्ध गरिनेछ।

के सबैजनाले एउटै सर्वेक्षण सामग्री पाउने हो?

- सर्वेक्षणको विभिन्न संस्करण अथवा रुपरेखाहरु रहन्छन्। संकायवर्ग, कर्मचारी, स्नातक तह पार गरेका विद्यार्थी, पूर्वस्नातक तहका विद्यार्थी, तथा संस्थाका कर्मचारीहरुले उनीहरुको भूमिका मिल्दो सर्वेक्षण प्राप्त गर्नेछन्। कर्मचारी संस्करण सर्वेक्षणहरु अङ्ग्रेजी, स्प्यानिश, नेपाली, चाईनिज, लेओशिएन, र तिब्बती भाषामा उपलब्ध हुनेछन्।

यो सर्वेक्षण पुरा गर्न कति समय लाग्नेछ?

- यो सर्वेक्षण पुरा गर्न लगभग २० देखि ३० मिनेट समय लाग्नेछ। सो अवधि तपाईंको जवाफको लम्बाई वा व्यहोरामा आधारित हुनेछ। थुप्रै विवरणहरु बुझाउनु पर्ने कर्मचारीहरुका लागि सो अवधि लम्बिन पनि सक्दछ। यदि तपाईंले यो सर्वेक्षण अनलाइन मार्फत दिनु भएको बेलामा सर्वेक्षणलाई बिचमा नै रोक्नुपर्ने आवश्यकता भएमा, सो सर्वेक्षणको संयन्त्रले तपाईंले रोक्नु भएको सर्वेक्षणको चरणलाई याद गरि राख्नेछ, र सर्वेक्षणको जुन चरणमा छोडेर जानु भएको थियो सोहि चरणमा फर्कनको लागि, सर्वेक्षणमा सहभागि हुन इमेलमा पठाइएको पुरानै लिङ्कमा थिचेर अघि बढ्न सक्नु हुनेछ।

२०२१ क्याम्पस संस्कार विषयक सर्वेक्षण सम्बन्धित प्राय: सोधिने प्रश्नहरु

६.९.२०२१

मेरो आफ्नै स्मार्ट-फोन वा मोबाइल उपकरणमा यो सर्वेक्षण लिन मिल्छ होला?

- हो सकिन्छ, तर फोनमा सर्वेक्षण पढेर पुरा गर्न धेरै गार्हो हुने गर्दछ। सो कारण, संभव रहेमा यो सर्वेक्षण तपाईंले कम्प्यूटरको माध्यमबाट पुरा गर्न हामी सल्लाह दिन्छौं।

सर्वेक्षणमा के कस्ता किसिमका प्रश्नहरु राखिएका छन्?

- सर्वेक्षणको प्रश्नहरुले क्याम्पस भित्र तपाईंलाई स्थान दिइएको छ वा छैन भन्ने आफ्ना अनुभूतिहरुको बारेमा, तपाईंको कार्यस्थलमा रहेको परिपाटीको बारेमा, तपाईंलाई आदरपूर्ण व्यवहार गरिएको वा भरोसा दिइएको छ भन्ने लाग्छ वा लाग्दैन जस्ता विषयहरुका साथै, तपाईंको पहिचानको कारण भोग्नु भएका कुनै उत्पीडन, तपाईंले भोग्नु भएको कुनै नकारात्मक व्यवहार, र भेदभावको अनुभवहरुको बारेमा सोध्नेछन्। कार्यस्थल भित्र विभिन्न पृष्ठभूमीबाट आएका व्यक्तिहरुका भिन्दा भिन्दै अनुभूतिहरु हुन सक्दछन् भन्ने हामीले बुझेको कारण सर्वेक्षणमा जनसंख्यात्मक प्रश्नहरु पनि राखिएका छन् (जस अनुरुप, तपाईंको जातीयता, वंश तथा लिङ्गको बारेमा रहनेछन्)। **कुनै एउटा समुह विशेषमा दस (१०) जना भन्दा कम सहभागीहरु रहेको अवस्थामा जनसंख्यात्मक प्रश्नहरुका जवाफहरुलाई प्रस्तुत गरिनेछैन। कुनै पनि व्यक्ति विशेषको पहिचान छुट्टिने वा खुल्न सक्ने गरि छुट्टयाइएका तथ्याङ्कहरुलाई प्रस्तुत गर्ने छैनौं।**

सर्वेक्षणमा भाग लिनुको फाइदाहरु के हुन् त?

- सर्वेक्षणका मत-प्रतिक्रियाहरु अत्यंत गोपनिय हुने कारणले गर्दा, कुनै व्यक्ति विशेषलाई ब्यक्तिगतरुपमा त्यसबाट फाईदा पुग्ने रहँदैन। तथापि, जनसहभागीताका कारण यो अध्ययनबाट निस्कने सिफारिशहरु क्याम्पसले ग्रहण गर्ने कारण बिद्यार्थी, कर्मचारी तथा संकायवर्गहरु त्यसबाट लाभान्वित होउन् भन्ने हामी चाहन्छौं।

सर्वेक्षण टुङ्गिएपछि के हुनेछ?

- संस्थागत अनुसन्धान (इन्सटीट्यूशनल रिसर्च सर्वे ग्रुप) का सदस्यहरुले सर्वेक्षण प्रक्रिया सम्पन्न गरि बन्द गरे पश्चात पहिचान निश्क्रिय गरिएका बेनामी तथ्याङ्कहरुलाई संस्थागत निष्पक्षता तथा पालना कार्यालय (अफिस अफ ईन्सटिट्यूशनल एक्विटि एण्ड कम्पलायन्स (OIEC)) अन्तर्गतको मूल्याङ्कन इकाई (असेस्मेन्ट यूनिट) लाई पठाउनेछन्। ओ.आइ.ई.सि. असेस्मेन्ट कार्यालयले तथ्याङ्क मूल्याङ्कन गरि सर्वेक्षणको परिणामहरुको प्रतिवेदन पेश गर्नुका साथै समस्या तथा सरोकारका विषयहरुमाथी सुझावहरु सिफारिश गर्नेछन्।

- समस्याहरुको सम्बोधन गर्न/गराउनका लागी नयाँ कार्य-योजना तयार गर्नु तथा जवाफदेहीताको वातावरण शृजना गर्नका लागी ओ.आइ.ई.सि. असेस्मेन्ट कार्यालयले सो टोली सँग सहकार्य गर्नेछ।

सर्वेक्षणको विषयमा थप प्रश्नहरु रहेको अवस्थामा मैले के गर्नु पर्दछ?

- सर्वेक्षणको बारेमा तपाईंको कुनै प्रश्नहरु रहेमा, कृपया CampusCultureSurvey@colorado.edu ठेगानामा इमेल गर्नुभएमा सर्वेक्षण टोलीको कुनै एकजना सदस्यले तपाईंलाई सम्पर्क गर्नेछन्।

२०२१ क्याम्पस संस्कार विषयक सर्वेक्षण सम्बन्धित प्राय: सोधिने प्रश्नहरु

६.९.२०२१

यदि पहिचानको आधारमा भएका उत्पिडन वा भेदभाव सम्बन्धित मेरो आफ्नै भोगाईको बारेमा उजुरी पेश गर्ने मेरो मनशाय भएमा मैले के गर्नु पर्दछ?

- **यो सर्वेक्षणमा दिनुभएका जवाफहरुले विश्विद्यालयका लागि आधिकारीक सूचनाको भूमिका राख्ने छैन। यो सर्वेक्षणमा खुलाउनु भएका जानकारीहरु ओ.आइ.ई.सि. कार्यालयलाई सूचित नगरिने वा सो जानकारीहरुका कारण आरक्षित वर्गको भेदभाव वा उत्पीडनको घटना विशेषको सम्बन्धमा थप सोधपूछ गर्ने प्रक्रिया चालु हुनजाने छैन।**

- आधिकारीक रुपमा आरक्षित-वर्ग भेदभाव तथा उत्पीडन वा यौन दुराचार सम्बन्धि उजुरी दर्ता गर्नका लागि, कृपया संस्थागत निष्पक्षता तथा पालना कार्यालय (अफिस अफ ईन्सटिट्यूशनल एक्विटि एण्ड कम्प्लायन्स (OIEC)) को ३०३-४९२-२१२७ नम्बरमा वा; ई-मेलबाट cureport@colorado.edu मा सम्पर्क गर्नुहोला; वा अनलाईन उजुरी फाराम भरेर पनि गर्न उजुरी दर्ता गर्न सकिन्छ। आफैमाथी प्रत्यक्षरुपमा घटेको कुनै घटनाको उजुरी गर्नुपर्ने अवस्थामा, अनलाईन उजुरी फाराम प्रयोग गरेर बेनामी रुपमा उजुरी दिने विकल्प पनि उपलब्ध रहेको छ।

- क्याम्पसको शैक्षिक, अनुसन्धान, वा ब्यवसायिक ईमान वा वातावरणीय स्वास्थ्य तथा सुरक्षासंग सरोकार राख्ने बेनामी उजुरीहरुलाई सी.यू. बोल्डरको एथिक्सपोपन्ट (EthicsPoint website) को माध्यमबाट दर्ता गर्न सकिन्छ।

यो सर्वेक्षणमा उठाइएका केही सम्बन्धित विषयवस्तुसंग सरोकार राख्ने कुराहरु कसैसंग गोप्यरुपमा कुराकानी गर्नु परेमा के गर्नुपर्ला?

- *गोप्यरुपमा* सहायता प्राप्त गर्नका लागि विश्वविद्यालयलाई औपचारिकरुपमा नै सूचना दर्ता गर्नु आवश्यक हुँदैन।

- संकाय तथा कर्मचारी सहायता कार्यक्रम (फेकल्टी एण्ड स्टाफ असिस्टेन्स प्रोग्र्याम (FSAP))ले विश्वविद्यालयभित्रका संकाय तथा कर्मचारीहरुलाई परामर्ष तथा सेवा कार्यक्रमहरु प्रदान गर्दछ। थप जानकारीका लागि कृपया यो वेबसाईटमा हेर्नुहोला वा ३०३-४९२-३०२० नम्बरमा सम्पर्क गर्नुहोला।

- पिडित सहायता कार्यालय (Office of Victim Assistance (OVA))ले यौन दुराचार, भेदभाव, उत्पीडन, वा अपराधहरुका कारण जीवनयापनमा बाधा पर्न गएका वा मानसिक कष्ट वा पीडा झेल्नु परेका सी.यू. बोल्डर समुदायका सदस्यहरुका लागि गोप्यरुपमा सेवास्रोत प्रदान गर्ने एउटा स्रोतकेन्द्र हो। थप जानकारीका लागि कृपया यो वेबसाईटमा हेर्नुहोला वा ३०३-४९२-८८५५ नम्बरमा सम्पर्क गर्नुहोला

- विश्वविद्यालय भित्रका अन्य ब्यक्ति, कार्यालय, वा विभागसंग रहेका उजुरी वा विवादहरु अनौपचारिक तथा निष्पक्षरुपमा समाधान गर्न, ओमबद्स कार्यालय (Ombuds Office)ले सी.यू. बोल्डरका सम्पूर्ण सदस्यहरुलाई सेवा प्रदान गर्दछ। ओमबद्सहरु कुनै पनि विभाग वा कार्यालयहरु अन्तर्गत नभई स्वतंत्ररुपमा सञ्चालित, गोपनियता कायम गरि काम गर्ने निकाय हो, थप जानकारीका लागि कृपया ओमबद्सको वेबसाईटमा हेर्नुहोला वा ३०३-४९२-५०७७मा सम्पर्क गर्नुहोला।